(२९)

बैठक संख्याः ५

स्थानः गल्छी गाउँपालिका गाउँकार्यपालिकाको हल गल्छी ६, बैरेनी ।

मितिः २०८२/०७/१९

समयः दिउँसो १:०० बजे

उल्लेखित स्थान, मिति र समयमा गल्छी गाउँपालिकाका अध्यक्ष श्री केदारनाथ खतिवडाको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिका बैठक बसी निम्नलिखित विषयमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति

१. अध्यक्ष श्री केदारनाथ खतिवडा - गल्छी गाउँपालिका

२. उपाध्यक्ष श्री भाईकाजी तिवारी - गल्छी गाउँपालिका

३. सदस्य श्री यदु कुमार खतिवडा - गल्छी गाउँपालिका

४. सदस्य श्री षडानन्द खनाल - गल्छी गाउँपालिका

५. सदस्य श्री राजन भुजेल - गल्छी गाउँपालिका

६. सदस्य श्री राजु अधिकारी - गल्छी गाउँपालिका

७. सदस्य श्री सरोज लामा तामाङ - गल्छी गाउँपालिका

८. सदस्य श्री दिपक कुमार कार्की - गल्छी गाउँपालिका

९. सदस्य श्री हरि प्रसाद खतिवडा - गल्छी गाउँपालिका

१०. सदस्य श्री विशाल लुङ्गेली मगर - गल्छी गाउँपालिका

११. सदस्य श्री भेष कुमारी खनाल - गल्छी गाउँपालिका

१२. सदस्य श्री तुलसी अधिकारी - गल्छी गाउँपालिका

१३. सदस्य श्री दिलमाया तामाङ - गल्छी गाउँपालिका

१४. सदस्य श्री जानुका धिताल - गल्छी गाउँपालिका

१५. सदस्य श्री सृजना घले - गल्छी गाउँपालिका

१६. सदस्य श्री रमेश भुजेल - गल्छी गाउँपालिका

१७. सदस्य सचिव श्री कृष्णहरि पौडेल - प्रमुख प्रशासकीय अधिकृत

अन्य आमन्त्रित

गल्छी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैरेनी, धादिङ
बागमती प्रदेश, नेपाल

<u>बैठक संख्याः ४ मितिः २०८२ कार्तिक १९</u>

<u>निर्णयहरु</u>

निर्णयहरु:-

**प्रस्ताव नं १. गाउँपालिकाको आन्तरिक आयको ठेक्का व्यवस्थापनको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्ने सम्बन्धमा**

निर्णय नं १. प्रस्ताव नं १ को सम्बन्धमा छलफल गर्दा गल्छी गाउँपालिकाको नदीजन्य पदार्थहरुको उत्खनन गरी आन्तरिक आयको ठेक्का व्यवस्थापन गर्ने सन्दर्भमा गाउँपालिकाभित्रका बगरहरुको अनुगमन गरी प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को प्रक्रिया शुरु गर्ने निर्णय गरियो।

**प्रस्ताव नं २. बागेश्वरी आ.वि. गल्छी-७ का प्रा.शि. दिपेन्द्र वाग्लेको सरुवा निवेदन सम्बन्धमा**

निर्णय नं २. प्रस्ताव नं २ को सम्बन्धमा छलफल गर्दा हाल बागेश्वरी मा.वि,.गल्छी-६ मा रिक्त भएको रहेको प्रा.शि. तहको दरबन्दी बागेश्वरी आ.वि.,गल्छी-७ मा पठाई निजलाई दरबन्दीसहित बागेश्वरी मा.वि,.गल्छी-६ मा कार्यरत शिक्षक दिपेन्द्र वाग्लेलाई यथावत राख्ने निर्णय गरियो।

**प्रस्ताव नं ३. जनकल्याण मा.वि. गल्छी-४ मा मा.वि. तहको गणित विषयको शिक्षण स्वयंसेवक नियुक्ति सम्बन्धमा**

निर्णय नं ३. प्रस्ताव नं ३ को सम्बन्धमा छलफल गर्दा हाल जनकल्याण मा.वि.गल्छी-४ मा मा.वि. तहको गणित विषयको शिक्षक अत्यन्त आवश्यक रहेको कारण उक्त विषयको मा.वि. तहको शिक्षण स्वयंसेवकको दरबन्दी स्वीकृत गरी विज्ञापन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ४. गाउँपालिकाभित्रका भवन अभिलेखीकरणको म्याद थप गर्ने सम्बन्धमा**

निर्णय नं ४. प्रस्ताव नं ४ को सम्बन्धमा छलफल गर्दा गाउँपालिकाभित्रका भवन अभिलेखीकरण म्याद थप गर्ने सम्बन्धमा मिति २०८२ को असार मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ५. महिला बालबालिका शाखा अन्तर्गत आमाबाबु बिहीन बालबालिकाको विवरण संकलन गर्ने सम्बन्धमा**

निर्णय नं ५. प्रस्ताव नं ५ को सम्बन्धमा छलफल गर्दा महिला बालबालिका शाखा अन्तर्गत आमाबाबु विहीन बालबालिकाको विवरण संकलन गर्ने निर्णय गरियो।

केदारनाथ खतिवडा
अध्यक्ष

गल्छी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैरेनी, धादिङ
बागमती प्रदेश, नेपाल